# विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन

विभाग स्नातकोत्तर तह, (एम.एड.) द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको

## शोधपत्र


शोधकर्ता

रत्नबहादुर कटुवाल

क्याम्पस क्रमाङ्क- ०२/०६२

परीक्षा क्रमाङ्क : २१४००६५/०६४

त्रि.वि.वि.दर्ता नं. : ६५८-८७

शैक्षिक वर्ष : २०६२/०६३

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

कोसीहरैँचा, मोरङ


२०७२

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्यको प्रस्तावना देखि शोधपत्रको अन्तिम लेखाइसम्म आवश्यक सुझाव, सल्लाह र निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु, शोधनिर्देशक श्री गणेशप्रसाद दाहालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै विभागीय प्रमुख श्री केशवराज भट्टराईज्यूप्रति कृतज्ञता प्रकट गर्दछु ।

यो अध्ययनको क्रममा आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने श्री शान्ति माध्यमिक विद्यालय, तामाफोक-३, तेल्लोक र श्री सिंहेश्वरी माध्यमिक विद्यालय, तामाफोक-८, मुढे शनिश्चरे, सङ्खुवासभाका विद्यालय परिवारका सदस्यहरु र सन्दर्भ सामग्री जुटाइ दिने मेरा बहिनी ज्वाइ,अनिता, विवेक भट्टराईलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै शोधपत्रलाई यथाशीघ्र पूरा गर्न रातदिन घच्घच्याइरहने गुरू स्रोत व्यक्ति श्री विष्णुप्रसाद दाहाल, श्री चामुण्डे उमावि तामाफोक परिवार, मेरा माता पिता र जसले मलाई यहाँ सम्म आइपुग्ने प्रेरणा दिनु भयो साथै मेरी श्रीमति लक्ष्मी, छोरा सौगात, सौरभ लगायत मलाई यहाँ सम्म ल्याइपुऱ्याउन सहयोग पुऱ्याउनु हुने सबैलाई  सम्झन चाहन्छु ।

अन्त्यमा शोधपत्र टाइपिङ गरी सहयोग गर्ने मोर्डन डिजिटल फोटोस्टूडियो सेन्टरका श्री धर्मेन्द्र दुलाललाई विशेष धन्यवाद दिन चाहन्छु ।

रत्नबहादुर कटुवाल

# शोधसार

प्रस्तुत शोधपत्र **विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका** शीर्षकमा तयार पारिएको हो । यस सोधपत्रको मुख्य उद्देश्य विद्यालयको द्वन्द्व व्यवस्थापनका लागि सञ्चारको भूमिकाको विश्लेषण गर्नु रहेको छ । यस अध्ययनलाई दुईवटा माध्यमिक विद्यालयको द्वन्द्व व्यवस्थापनसँग सिमित गरिएको छ ।

यस अनुसन्धानलाई सम्पन्न गर्न गुणात्मक अनुसन्धानको ढाँचालाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य पुरा गर्न उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई छनोट गरिएको थियो । सामान्य सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरी शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई छनोट गरिएको थियो । साथै अनुसन्धानको साधनको रुपमा अन्तर्वार्ता प्रश्नावली, अवलोकन र छलफल विधिको प्रयोग गरिएको छ । अध्ययन कार्य सम्पन्न गर्नको लागि प्राथमिक र द्वितिय दुवै तथ्याङ्क सङ्कलनका विधिहरुको प्रयोग गरिएको थियो । प्राथामिक तथ्याङ्कको स्रोतको रुपमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी र अभिभावकहरूवाट प्राप्त तथ्याङ्कलाई लिइएको थियो भने द्वितीय तथ्याङ्कको रुपमा पत्रपत्रिका विभिन्न पुस्तकहरु तथा इन्टरनेटवाट प्राप्त सूचनालाई लिइएको थियो । साथै आवश्यक सूचना संकलन गर्न अवलोकन, छलफल, अन्तर्वार्ता प्रश्नावली जस्ता साधनहरुको प्रयोग गरिएको  थियो । नमुना छनोटमा परेका विद्यालयहरुको स्थलगत अवलोकन गरी विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष लगायत सम्बन्धित विद्यार्थीका अभिभावकहरूसँग छलफल कार्य सम्पन्न गरी उनीहरूबाट अन्तर्वार्ता प्रश्नावली समेत भराई तथ्याङ्क सङ्कलन गरिएको थियो ।

यस अनुसन्धानवाट माध्यमिक विद्यालयमा प्रधानाध्यापक - शिक्षक, शिक्षक- शिक्षक, शिक्षक - विद्यार्थी, तथा शिक्षकहरु - विद्यालय व्यवस्थापन समितिका विचमा सेवा शर्त, र सुविधाको असमान वितरण, लैङ्गिक, असमानता, जातिय तथा भाषागत रुपमा हुने भेदभावले गर्दा विद्यालयमा द्वन्द्वको अवस्था सिर्जना भएको पाइयो । विद्यालयमा हुने द्वन्द्वको मुख्य कारक तत्व आर्थिक, सामाजिक, राजनीतिक भएको पाइयो । यसका साथै विद्यालयमा हुने द्वन्द्वले गर्दा शिक्षण सिकाइमा सकारात्मक र नकारात्मक दुवै असर पर्ने गरेको पाइयो ।

सकारात्मक द्वन्द्वले शैक्षिक गुणस्तर विकास गराउँछ भने नकारात्मक द्वन्द्वले विद्यालयमा आपसी झै झगडा, तनावको वातावरण सिर्जना गरी विद्यालय संगठनलाई नै अस्तव्यस्त पारेको देखिन्छ । त्यसकारण विद्यालयमा विद्यमान यस्ता किसिमका द्वन्द्वलाई सवैको आपसी समन्वयका आधारमा आपसी छलफल, संवाद सूचना तथा सञ्चारको प्रयोग, मानव संसाधन र उपयुक्त पारिश्रमिकको व्यवस्था गरी व्यवस्थापन गर्ने गरेको पाइयो । विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुका विचमा सामाजिक, राजनीतिक, जातिय लैङ्गिक पक्षहरु द्वन्द्व व्यवस्थापनका जटिल तथा महत्त्वपुर्ण पक्षहरु हुन् । यी सबैमा मेलमिलाप, मानसम्मान र सद्भाव भयो भने मात्र विद्यालयमा सिर्जना हुने धेरै प्रकारका जटिल द्वन्द्वहरु पनि व्यवस्थापन गर्न सकिन्छ ।

विद्यालयमा शिक्षकहरुमा सहकार्य हुन नसकेमा, भौतिक संरचनाको पर्याप्त व्यवस्था नभएमा शिक्षकको सङख्या विद्यार्थीको भन्दा कम भएमा तथा कक्षामा शिक्षणविधि र शैक्षिक सामग्रीको अभावले गर्दा समेत विद्यालयमा द्वन्द्व सिर्जना हुँदोरहेछ । यस्ता द्वन्द्वलाई विद्यालय प्रशासन र सरोकारवाला पक्षको सहयोगमा व्यवस्थापन गर्ने गरेको पाइयो । विद्यालयमा सिर्जना भएका द्वन्द्वको व्यवस्थापन आपसी सहयोग र समन्वयमा हुने गरेकोले यसले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्ने गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरुमा सहयोगको सम्बन्धको विकास, विद्यालयमा नियमितता हुने गरेको देखियो । यसका साथै विद्यालयमा हुने द्वन्द्व विशेष गरी राजनीतिक दलको हस्तक्षेपवाट हुने गरेको देखियो । यसकारण विद्यालयमा राजनीतिक दलको हस्तक्षेप बिना नै द्वन्द्व व्यवस्थापन गरी विद्यालयको शैक्षिक गतिविधि सञ्चालन हुने गरेको देखियो ।

# विषय सूची

सिफारिस पत्र क

स्वीकृति पत्र ख

कृतज्ञता ज्ञापन ग

शोधसार घ

विषय सूची च

## परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ९

१.५ अनुसन्धानात्मक प्रश्नहरू ९

१.६ अध्ययनको परिसीमा ९

## परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ अध्ययनको सैद्धान्तिक खाका १३

२.३ पुनरावलोकनको उपादेयता १५

## परिच्छेद तीन : अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा १७

३.२ अध्ययनको जनसङ्ख्या र नमुनाको छनोट १७

३.३ तथ्याङ्क सङ्कलनका साधनहरु १८

३.३.१ अन्तर्वार्ता १९

३.३.२ अवलोकन फारम १९

३.३.३ छलफल १९

३.३.४ दस्तावेज पुनरावलोकन २०
३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू २०
३.४.१ प्राथमिक स्रोत २०
३.४.२ द्वितीय स्रोत २०
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २१
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २१

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

४.१ विद्यालयमा द्वन्द्वको अवस्था २२
४.१.१ विद्यार्थी-विद्यार्थीबीच हुने द्वन्द्वको अवस्था २३
४.१.२ शिक्षक-विद्यार्थीबीच हुने द्वन्द्वको अवस्था २४
४.१.३ शिक्षक - शिक्षकबीच हुने द्वन्द्वको अवस्था २७
४.१.४ प्रअ र शिक्षकबीच हुने द्वन्द्वको अवस्था ३०
४.१.५ शिक्षक र विद्यालय व्यवस्थापन समिति बीचको द्वन्द्वको अवस्था ३४
४.२ विद्यालयमा द्वन्द्व उत्पन्न हुने कारणहरू ३६
४.२.१ आर्थिक कारणबाट विद्यालयमा हुने द्वन्द्व ३७
४.२.२ सामजिक कारणबाट विद्यालयमा हुने द्वन्द्व ४०
४.२.३ दलीय राजनीतिक कारणबाट विद्यालयमा हुने द्वन्द्व ४३
४.३ विद्यालयमा द्वन्द्व व्यावस्थापन प्रक्रिया ४५
४.३.१ छलफल ४५
४.३.२ संवादको थालनी ४७
४.३.३ सूचना र सञ्चारको प्रयोग ४८
४.३.४ मानवस्रोत र उचित पारिश्रमिकको व्यवस्था ४९
४ .३.५ शिक्षण सिकाइमा द्वन्द्व व्यवस्थापनको प्रभाव ५०

## परिच्छेद पाँच :निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ५५
५.२ सुझावहरू ५७

५.२.१ नीतिगत तह ५७
५.२.२ अभ्यास तह ५७
५.२.३ अनुसन्धान तह ५८

**सन्दर्भ सामग्री**

**अनुसूचीहरू**